३ करोडको खानेपानी आयोजना । पृष्ठ ४ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१४, ● अंक-१६ ● २०७८ कात्तिक १५ गते सोमबार, ● 01 Nov. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## पालुङ बहुउद्देश्यीय सहकारी कृषकलाई व्यवसायी बनाउँदै



विकास संवाददाता
थाहानगर

थाहा नगरपालिकामा युएस-एड र पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले किसान परियोजना सञ्चालन गरेपछि स्थानीय कृषकहरू थप व्यवसायी बन्दै गएका छन् ।

यसअन्तर्गत ८ कात्तिकमा व्यवसायिक बाख्रापालक कृषक र स्थानीय मासु विक्रेता तथा खसीबोका व्यापारीबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । युएस-एड र सहकारीको सहलगानीमा सञ्चालित किसान-२ परियोजनाअन्तर्गत् बाख्रापालक कृषक र मासु विक्रेता तथा खसीबोका व्यापारी सहभागी गराई अन्तरक्रिया गरिएको परियोजना संयोजक रामप्रसाद ढकालले जानकारी दिए । बाख्रापालक कृषकलाई बजारीकरणमा सहजीकरण गर्ने उद्धेश्यले कार्यक्रम आयोजना गरिएको परियोजना संयोजक ढकालले जानकारी दिए । 'अब मासु पसले र खसीबोका ब्यापारीले सिधै किसानसँग सम्पर्क गर्न सक्छन् र किसानले पनि सिधै व्यापारीलाई भेट्न सक्छन्, बाख्रापालक कृषकहरूलाई बजारसँग जोड्न कार्यक्रमले सहयोग गरेको छ,' अन्तरक्रिया कार्यक्रमपछि परियोजना संयोजक ढकालले भने ।

कार्यक्रममा थाहा नगरपालिका र कैलाश गाउँपालिका-५ का कृषकहरू सहभागी थिए । परियोजना संयोजक ढकालले सहजीकरण गरेको कार्यक्रममा सहभागी कृषकहरूले परियोजनाबाट व्यवसायिक बाख्रापालनमा सहयोग पुग्नुका साथै बजारीकरणमा समेत सहजीकरण गरेकोमा खुशी व्यक्त गरेका थिए ।

अहिले किसान-२ परियोजनाबाट १००० घरपरिवार लाभान्वित छन् । ४० वटा बाख्रापालन समूहमा आवद्ध ती परिवारको व्यवसायिक बाख्रापालनमा परियोजनाको तर्फबाट आवश्यक तालिम, औषधि, भ्याक्सिन, घाँस खेती, परामर्श लगायत सहयोग उपलब्ध हुँदै आएको छ । परियोजना अन्तर्गत् दुई जना पशु प्राविधिकहरू खटिएका छन् ।

## विपन्न र कडा रोगीलाई नि:शुल्क स्वास्थ्य बीमा



◆ विकास संवाददाता

थाहा नगरपालिकाले चालु आर्थिक वर्षको बजेटबाट नि:शुल्क स्वास्थ्य बीमा शुरू गरेको छ । चालु आर्थिक वर्षको बजेटबाट सरकारले सूचीकृत गरेका ८ वटा कडा रोगहरू जस्तै क्यान्सर, मुटु, मृगौला, अल्जाइमर आदिका बिरामीहरूलाई लक्षित गरी निशुल्क स्वास्थ्य बीमा शुरू गरेको हो ।

थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टले नगर कार्यपालिकामा आयोजित एक कार्यक्रममा स्वास्थ्य बिमा कार्ड वितरण गरेर यस वर्षको नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रम शुरू गरेका हुन् । थाहा नगरले चालु आर्थिक वर्षका लागि नगर भरिका ३०० जनालाई नि:शुल्क स्वास्थ्य बीमा गर्ने लक्ष्य राखेको छ ।

यसअघि गतवर्ष पनि थाहानगरका ३०० जनाको नि:शुल्क स्वास्थ्य बीमा गरिएको थाहा नगरपालिकाका सूचना अधिकारी सुरजकुमार भुजेलले जानकारी दिए ।

स्वास्थ्य बीमाको लागि प्रत्येक वडाबाट प्राथमिकताको आधारमा २५ जनाको नाम सिफारिश गर्न वडा कार्यालयहरूलाई पत्रचार गरिएको नगर प्रमुख विष्टले जानकारी दिए ।

नि:शुल्क स्वास्थ्य बीमाका लागि गत आर्थिक वर्षमा थाहा नगरपालिकाले रू ११ लाख खर्च गरेको थियो भने चालु आर्थिक वर्षका लागि पनि रू. ११ लाख बजेट पारित गरिसकेको छ । गत वर्ष विपन्न वर्गलाई लक्षित गरिएकोमा यस वर्ष विपन्नका साथै कडा रोगका बिरामीहरूलाई लक्षित गरिएको नगरपालिकाले जनाएको छ ।

## बीमा समितिद्वारा कफी खेतीका लागि बीमालेख जारी

◆ विकास संवाददाता

किसानले कफी खेतीको पनि बिमा गर्न पाउने भएका छन् । बिमा समितिले कृषि बिमा अर्न्तगत कफी खेती बिमालेख स्वीकृत गरेसँगै कफी खेतीमा हुने विभिन्न क्षतिको जोखिम व्यहोर्ने गरी बिमा गर्न सकिने भएको हो ।

बिमाङ्क रकमको ५ प्रतिशत प्रिमियम बुझाएर किसानले कफी खेतीको बिमा गर्न सक्नेछन् । यस बिमालेखमा कफीको उत्पादनमा थप ५ सय रूपैयाँ थपेर किसानको दुर्घटना बिमा गर्नुपर्ने प्रावधान राखिएको छ । बीमालेखमा ८ प्रकारका कफी खेतीमा भैपरी आउने क्षतिहरूको रक्षावरण हुने भएको छ । रोग वा कीराजन्य कारणले हुने क्षति, आगो, हावा, पानी, मौसम, भूमि र चट्याङ्जन्य लगायतको क्षतिलाइ रक्षावरण गर्ने भएको छ । त्यस्तै आकस्मिक तथा दुर्घटनाजन्य बाह्य कारणबाट हुने क्षति र कफी खेतीको बीमा गर्ने बीमितको पनि रक्षावरण गर्ने समितिले जनाएको छ ।

कफी बिमा लेखअन्तर्गत कफीको बोटको संख्या र बोटको मूल्यलाई गुणा गरी बिमांक रकम निर्धाण गर्न सकिन्छ । त्यस्तै चेरीको बिमा गर्दा बोटको संख्या, चेरीको सम्भावित संख्या र चेरीको प्रति मूल्यलाई गुणा गरी बिमाङ्क निकाल्न प्रावधान राखिएको छ । बिमांक रकम राष्ट्रिय चिया तथा कफी विकास बोर्डको कार्यालय र उक्त कार्यालय नभएको अवस्थामा स्थानीय वा प्रदेश सरकारको प्राविधिकबाट प्रमाणित गराई बिमक समक्ष पेश गर्नुपर्ने व्यवस्था छ ।

बिमा गरेको खेतीमा क्षति भएपछि मूल्यांकन प्रतिवेदन पेश गरेको ३५ दिनभित्र बिमा दावी भुक्तानी गर्नुपर्नेछ । बिमांकीय रकम वा क्षतिको रकम जुन कम हुन्छ सो बराबर भुक्तानी दिनुपर्ने बिमालेखमा उल्लेख छ । ६ सयदेखि २ हजार मिटरसम्मको उचाइमा गरेको र चिया तथा कफी विकास बोर्डले तयार पारेको मापदण्डका आधारमा गरेको खेतीको मात्र बिमा हुने व्यवस्था गरिएको छ । कृषि तथा पशुपालन बिमालाई प्रोत्साहन गर्नका लागि सरकारले प्रिमियम रकममा ८० प्रतिशत अनुदान दिँदै आएको छ ।

## थाहानगरले आलुको बीउ उत्पादनमा अनुदान दिने

◆ विकास संवाददाता

बेमौसमी तरकारी खेतीको पकेट क्षेत्र मानिने थाहा नगरपालिकामा बीउ आलु उत्पादनका लागि प्रस्ताव आह्वान गरिएको छ । थाहा नगरपालिकाको कृषि शाखाले एक सूचना प्रकाशित गरी कृषि सहकारी संस्था, कृषि फर्म, कृषि उद्यमी र कृषकहरूबाट रीतपूर्वक प्रस्ताव आह्वान गरेको हो ।

एक महिनाको अवधि दिएर आह्वान गरिएको सूचनामा जनाइए अनुसार प्रस्ताव स्वीकृत भएपछि स्वीकृत वार्षिक कार्यक्रम अनुसार रू. १० लाखसम्म उपलब्ध गराइनेछ ।

कृषि शाखाले प्रस्ताव पेश गर्दा निवेदन, तोकिएको ढाँचामा प्रस्ताव, जग्गाको क्षेत्रफल र भोगचलन खुल्ने कागजात, प्रतिवद्धतापत्र, बीउ आलु उत्पादनसम्बन्धी पाँच वर्षे उत्पादन चक्र र आयोजनासम्बन्धी अन्य आवश्यक कागजातहरू संलग्न गर्नुपर्ने उल्लेख गरेको छ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## तिहारको शुभकामना

हिन्दु नेपालीहरुको दशैंपछि आउने तिहारलाई पनि महान चाडका रुपमा मान्छन् । कार्तिक कृष्ण त्रयोदशीबाट शुरु भएर कार्तिक द्वितीयासम्म पाँच दिन मनाइने यो चाडलाई तराईमा दीपावली पनि भन्छन् । यो पाँच दिन काग, कुकुर, गाई, गोवर्द्धन, म्हपूजा र भाइटिका गरी मनाउने सांस्कृतिक परम्परा र हिआएको छ । नेपालको पहाड र काठमाडौं उपत्यकामा पाँच दिन मनाइने तिहारलाई यमपञ्चक पनि भनिन्छ । सूर्यकी छोरी यमुनाले आफ्ना सहोदर दाजु यमराजलाई पाँच दिनसम्म विभिन्न मिष्ठान्न भोजन गराइ आफ्नो इच्छा दाजुबाट पूरा गराएको सम्झनाका रुपमा यो चाड मनाउन थालिएको कुरा पौराणिक हिन्दु ग्रन्थहरुमा उल्लेख पाइन्छ । त्यसैगरी काग, कुकुर, लक्ष्मीका रुपमा गाई र गोवर्द्धन पूजाका आ–आफ्ना पौराणिक कथाहरु उल्लेख छन् । भविष्य पुराणका आधारमा शुभदिनको चर्चा गर्ने सिलसिलामा कृष्णले युधिष्ठिरलाई श्रावण, भाद्र, आश्विन र कार्तिकका चार शुक्ल द्वितीयालाई मंगल दिन बताएका छन् । त्यसमा कार्तिक द्वितीया बढ्ता मांगलिक मानिएको छ । विशेषात: किसानहरुले मकै र धान जस्ता प्रमुख बालीहरु स्याहारिसकेपछि मनाइने तिहारलाई सहकालको चाड मान्ने गरिन्छ । नेपाली समाजमा तिहारलाई बालकदेखि बृद्धसम्मले देउसीभैलोसहित हर्ष र उल्लासपूर्वक मनाएको देखिन्छ । देउसी भैलोको पनि आफ्नै पौराणिक कथा रहेको छ । समग्रमा तिहार नेपालीहरुको एउटा सांस्कृतिक पर्वका रुपमा विकसित भएको छ ।

राणाकालमा तिहारभर जुवा खुला गरिएको हुन्थ्यो । हिन्दू समाजमा पनि तिहार मनाउने परम्पराका विषयमा खस, आर्य र बैदिक आर्यहरुका प्रचलनहरु मिल्दैनन् । चाडपर्वका बेलामा सम्पूर्ण दु:खहरु बिर्सेर रमाउने आमोद प्रमोद गर्ने नेपालीहरुको मनोवैज्ञानिक संस्कृति हो । तीज गयो, दशैं गयो तिहार आयो । त्यसपछि छठ ल्होसार लगायतका चाडपर्वहरु आउँछन् । नेपालीहरुले सकिनसकी रवाफिलो बनेर चाडपर्वहरु मनाउने गर्दछन् । बेरोजगारी र वित्तीय संकटको घानमा परेको नेपाली समाजको ठूलो संख्याको साझा समस्या भोग होइन भोक भएको छ । यही भोकका कारणले दाजु भाइ र दिदी बहिनीका बीचको वियोग हाम्रो संरचनागत मूल्य बनेको छ । राष्ट्रिय तथ्यांक अनुसार नै यो मुलुकका १५ प्रतिशत नागरिक देशभित्र छैनन् । भोकसित जुध्न तिनीहरुको गन्तव्य परदेश भएको छ । नेपाली कला, साहित्य र संस्कृति साथ साथ तिहारमा खेलिने भैलो संस्कृतिका गीत र संगीतहरु पनि पीडा र बैरागले भरिका पनि सुनिन्छन् ।

संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रमको बितेको वर्षको तथ्यांकअनुसार नेपालमा दैनिक आधा डलर अर्थात ५९ रुपैयाँ त्रिहत्तर पैसा मात्र कमाउने गरिवीको रेखामुनि रहेका जनता २५ प्रतिशत छन् । एक छाक मासु भात खान र राम्रो कपडा लगाउन दशैं तिहार पर्खनुपर्ने र त्यो पनि सम्भव नहुने विपन्न गरिवीको रेखामुनिको समाज सानो छैन । यस्तो सामाजिक संरचना भएको हाम्रो मुलुकमा उपभोक्तावादी संस्कृति प्रवेश गरेको छ । असीमित भोग र देखासिकीका कारण पनि हाम्रो समाज माथि उठ्न सकेको छैन । उपभोक्तावादी संस्कृतिले मितव्ययितालाई बेकार सोच्ने मानसपटल तयार पार्दछ जसको परिणाम सपिङ मलहरु र बहुराष्ट्रिय निगमका मालिकहरु मुस्कुराउने उपभोक्ता उपभोगपछि झोक्राउने उदेक लाग्दो सामाजिक मनोवैज्ञानिक संरचना तयार भएको छ । हाम्रा चाडपर्वहरु यस्तै–यस्तै परिदृश्यका अगाडि घुम्छन् । यस्ता गलत चिन्तन र मूल्यहरुबाट हाम्रो समाजलाई माथि उचाल्न थोरै पापड बेलेर पुग्ने देखिदैन । किनभने यो विश्वव्यापी समस्या हो । जे भएता पनि तिहार पर्वले दिदी बहिनी दाजुभाइका बीचमा भावनात्मक सम्बन्ध स्थापित गर्न, पारिवारिक भेटघाट गर ाउन, सुखदु:ख आदान प्रदान गराउन महत्वपूर्ण योग पुर्‍याउने गर्दछ । शान्त र मितव्ययीरुपले यो पर्वलाई मनाउँ । तिहार पर्वको उपलक्ष्यमा सबैलाई हार्दिक मंगलमय शुभकामना ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# झारा टारिँदै दिगो विकास र जलवायु मुद्दा



रूद्रप्रसाद भट्टराई

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन कोप–२६ बेलायतको स्कटल्यान्डस्थित ग्लास्गोमा आइतबार सुरू भएको छ । विश्वभरका विकसितदेखि विकासोन्मुख र अल्पविकसित राष्ट्रका शीर्ष नेतृत्व र प्रतिनिधिले यो सम्मेलनमा सहभागिता जनाउँदै छन् । उनीहरूले जलवायु परिवर्तनका विविध आयाममा छलफल गर्नेछन्, साथै जोखिम न्यूनीकरण गर्ने उपाय खोज्नेछन् । जलवायु परिवर्तनलाई मानव जातिले सामना गर्ने सबैभन्दा ठूलो समस्याका रूपमा लिइएको छ । यसले हावापानी र मौसमको ढाँचामा दीर्घकालीन परिवर्तन गर्छ । मानव गतिविधिले हाम्रो ग्रहको मौसम परिवर्तन गर्न सक्छ भन्ने वैज्ञानिकको दाबीमा एक शताब्दीको अनुसन्धानपछि मात्र विश्वस्त हुन थालेको पाइन्छ ।

वातावरण, दिगो विकाससम्बन्धी यस्ता सम्मेलनहरू विश्वमा सन् १९६५ बाटै भएको पाइन्छ । हरेकको निचोड यही नै हुन्छ, पृथ्वी बचाउने । तर पनि वैश्विक तपमान वृद्धि रोकिएको छैन, प्रदूषण घटाउन सकिएको छैन, हिमाल पग्लनबाट रोक्न सकिएको छैन, डुबान कम गर्न सकिएको छैन, समुद्रको फोहोर रोक्न सकिएको छैन र वातावरण विनाशमा कमी ल्याउन सकिएको छैन । अल्पविकसित देशमा त यस मामलामा अवस्था दयनीय रहेकै छ, हुँदाहुँदा विकसित भनाउँदा देशको अवस्था योभन्दा पतला हुने ठाउँ छैन । धनी देशमा प्रदूषणको मात्रा बढ्दै गएको छ भने गरिब देशमा डोजरे आतंक थामिनसक्नु छ । तरै पनि सबै लागिपरेका छन्, भनिरहेका छन्, पृथ्वी साझा हो, यसको बचाउ गरौँ भनेर ।

पृथ्वीको सतहको सरदर तापक्रम सन् १८५० यता १.१ डिग्री सेल्सियसले बढेको छ र पछिल्ला चार दशक हरेक अघिल्लो दशकभन्दा तातो रहँदै आएको छ । मानव गतिविधि र तापक्रममा वृद्धिबीच महत्वपूर्ण सम्बन्ध उत्सर्जित हरित गृह ग्यासले देखाउँछन् । हरित गृह ग्यासले सूर्यको तापक्रम सोस्छ र तापक्रम बढाउँछ । वायुमण्डलमा अत्यधिक मात्रामा रहेको कार्बनडाइअक्साइड सबैभन्दा महत्वपूर्ण उदाहरण हो । यदि मानवीय कारण होइन भने अध्ययनले के बताएको छ भने यदि प्राकृतिक तत्वहरूको मात्र भूमिका रहेको भए पृथ्वी थोरै मात्र तात्थ्यो अथवा २० औँ र २१ औँ शताब्दीमा केही चिसिन सक्थ्यो । तर भएन, भएको छैन, जसका कारण ग्रिनल्यान्ड र एन्टार्क्टिकको हिउँको तह द्रुत गतिमा पग्लिरहेको छ । विश्वव्यापी समुद्रको तह गत शताब्दीमा २० सेमिले बढेको छ र अहिले पनि बढिरहेको छ र सन् १८०० यता समुद्हरू ४० प्रतिशत बढी अम्लीय बनेका छन् । त्यसले समुद्री जीवनलाई असर पारेको छ । यसकारण ठोकुवाका साथ भन्नैपर्छ, अहिले पृथ्वीमा भइरहेका परिवर्तन र मानव गतिविधिका कारण हाम्रो वरिपरि हुन सक्ने भनी वैज्ञानिकहरूले अनुमान लगाएका कुराहरू एकअर्कासँग मिलेका छन् । सन् २०२१ मा प्रकाशित एक प्रमुख संयुक्त राष्ट्रसंघीय प्रतिवेदनमा मानव गतिविधि नै वायुमण्डल, समुद्र र जमिन तातिनुको कारण रहेको भन्नेमा एकमत रहेको उल्लेख गरिएको छ ।

जलवायु परिवर्तनले विश्वव्यापी दरभन्दा दोब्बरले नेपालको तापमान पनि बढ्दै छ । विश्वको १ सय वर्षको तापक्रम १.२ डिग्री सेन्टिग्रेड हुँदा नेपालको ५० वर्षको तापक्रम ०.८ डिग्री सेन्टिग्रेडले बढेको जल तथा मौसम विज्ञान विभागले बताएको छ । विभागका अनुसार नेपालको औसत तामक्रम ०.८ देखि १.२ डिग्रीसम्म बढेको देखिन्छ । सन् १९७१ देखि २०१५ सम्मको तथ्यांक केलाउँदा यो परिणाम आएको विभागले बताएको छ । उसका अनुसार अधिकतम तापक्रम ०.०५६ डिग्री सेन्टिग्रेड प्रतिवर्ष बढिरहेको छ । त्यसमा पनि हिमाली तथा पहाडी क्षेत्रमा ०.०८ डिग्री सेन्टिग्रेड प्रतिवर्ष बढेको देखिन्छ । यही अवस्था कायम रहे सन् २०३०, २०५० र २१ औं शताब्दीको अन्त्यसम्म १.१, १.८ र ३.६ डिग्री सेन्टिग्रेडले वृद्धि हुन सक्ने अनुमान गरिएको छ । वर्षाको मात्रामा २–६, ८–१२ र ११–१३ प्रतिशतले वृद्धि हुन सक्ने जनाइएको छ । हरित गृह उत्सर्जनमा भने नेपालको भूमिका न्यून नै छ । विश्वको कुल हरित गृह उत्सर्जनमा नेपालको हिस्सा ०.०३ प्रतिशत छ । यसको प्रमुख कारण पेट्रोलियम पदार्थको उच्च प्रयोग र दाउराको प्रयोगलाई लिने गरिन्छ । जलविद्युत् खपत नभएर खेर गइरहँदा पनि कुल खाना पकाउने इन्धनमा बिजुलीको योगदान ७ प्रतिशत छ । चीन र भारतको हरित गृह उत्सर्जनको हिस्सा क्रमशः २६.१ प्रतिशत र ६.५ प्रतिशत छ । अमेरिकाको १३.४ प्रतिशत, युरोपियन युनियनको ७.६, रसियाको ५.६, जापानको २.६ र ब्राजिलको २.१ प्रतिशत रहेको विभागको तथ्यांकले प्रस्ट्याउँछ । भुटान भने शून्य हरित गृह उत्सर्जन गर्ने मुलुकमा पर्छ ।

वातावरणीय विनाशकै कारण विश्वमा प्रत्येक वर्ष हजारौँको ज्यान र खबौँ धनको क्षति बेहोर्नुपरेको छ । नारा बनाउनमा हामी पनि खप्पिस छौँ तर डोजरे आतंक मच्चाउन छाड्दैनौँ र त विपत्को सामना गरिरहनुपरेको छ । अनि विपत् पर्दामात्र अनुभूत गर्छौं र जहिल्यै ढिला हुन्छौँ । पछिल्ला मानवीय गलत विकासे शैलीले गर्दा विनाशका खाडलहरू हामी आफैँले खनिरहेका छौँ र प्रत्येक वर्ष बढाइरहेका छौँ । देखावटी गर्दै हरेक विकासका पक्षहरूमा दोहन बढेको छ । यो गलत प्रवृत्ति झाङ्गिँदा गणना नै गर्ने हो भने कुनै पनि स्थान र व्यक्ति यो मामलाबाट टाढा रहेको पाइन्न । सरकारदेखि व्यक्तिसम्म लुटको शैलीमा काम गर्ने र गराउने गलत देखावटी शैलीमा अग्रसर भएका छन् । यस्ता विकृत कार्यले विकास शब्दको खिल्लीमात्र होइन, बेइज्जत नै गराएको छ । भो, दिगो विकासको त कुरै गर्ने अवस्था रहेन र यी सबै विनाशकारी कार्य हुन्, जुन अहिले यो तालले हामी परिवर्तनको बाटो पक्रिएका छौँ । छमछम पानी परिरहेको समयमा बाटो बनाउने, त्यसमा पनि पिच गर्ने, डोजर गाउँगाउँ पुर्‍याउने र कुनै मापदण्डबेगर नै भकाभक डाँडा खोतल्ने, पूर्वाधार निर्माणका अन्य कार्य गर्ने जुन सो समयमा गर्नुपर्ने नै होइन । जानेरै पनि हामी त्यही बेला गरिरहेका छौँ र रोकिएका छैनौँ ।

कुनै पनि आयोजनाहरू समयमा सकिँदैनन्, म्याद थपिन्छ अनि बनिँदैनन् पनि । के यही हो विकास ? यहाँ राष्ट्रिय गौरवका आयोजनाहरूको त टुङ्गो छैन । त्यसमै जीवन गइसक्दा पनि बनेका छैनन्, अरू ससाना आयोजनाको त कुरै गर्नु व्यर्थ छ । आज विकास शब्दसँग मोलमोलाइ भएको छ । राजनीतिक चरम भ्रष्टाचारको स्थान बनेको छ विकास । छाक कटाएर तिरिएको जनताको करमा यहाँ मोजमस्ती छ । दलहरूले खाएका छन्, सांसदले चैन गरेका छन्, विकास बजेटको त कुरै नगरौँ, सबै अन्यत्रै छरेर सिध्याएका छन् । सेवासुविधा नेतालाई पु–याउनमै जनताले दु:खले तिरेको करको दुरूपयोग गरेका छन् । यसरी दिगो विकासको लक्ष्य प्राप्त होला ? जनता छाना, नाना र माना अनि औषधि उपचारमा अभाव झेलिरहेको यो समयमा यो सम्भव हुन्छ ?

हुन त सन् २०१५ पछि हरेक कार्यालय, सरकारका नारामा दिगो विकासको कुरा व्यापक रूपमा उठाइएको छ, तुल–पर्चा–पम्प्लेटमा, व्यवहारमा शून्य छ । काम गराइ हेर्दा उदेक लाग्ने किसिमका छन् । नारा एउटा छ तर काम गराइ अर्को छ । किनकि हाम्रो विकास मोडल दातृ निकाय केन्द्रित छ । सरकार विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, संयुक्त राष्ट्रसंघलगायत विभिन्न विदेशी दातृ निकायको आर्थिक भरमा बजेट निर्माण गर्छ र उनीहरूको प्राथमिकतामा कार्यक्रम तय गरी कार्यान्वयन गर्छ । सरकारले उत्पादनशील क्षेत्रमा भन्दा अनुत्पादक क्षेत्रमा लगानी गरेको छ, जसले गर्दा मुलुकमा परनिर्भरता बढाएको छ । यसैको कारण कोरोना महामारीमा पनि विदेश श्रम गर्न जानेको लर्को हेरे पुग्छ । देशको पछिल्लो अवस्था हेरे पुग्छ ।

गैरसरकारी संस्थाहरू पनि दातृ निकाय र आईएनजीओको प्रभावमा परेका छन् । जनताको माग र समुदायको आवश्यकताभन्दा पनि दाताको प्राथमिकताको योजनाअनुसार काम गर्ने प्रवृत्ति बढ्दो छ । परियोजनाको लक्ष्य, उद्देश्य र उपलब्धिमा केन्द्रित रहने, प्रतिवेदन तयार गर्ने र परियोजनाको समाप्तिपश्चात् सो काममा निरन्तरता नदिने हुनाले कतिपय योजना कागजी उपलब्धि मात्र बनेका छन् । समुदायको आवश्यकता र मागभन्दा पनि दातृ निकाय र पहुँचवालाको प्रभावमा सञ्चालन भएका परियोजनाहरू प्राय: असफल भएका छन् । यद्यपि गैससहरूले सामाजिक

... बाँकी पेज ३ मा

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# अजिनोमोटो के साँच्चै खानै नहुने र ?



खानपानको दुनियाँमा लामो समयदेखि बहसको विषय बनेको एउटा खाना हो, अजिनोमोटो । रेस्टुरेन्टको खानामा होस् वा घरायसी परिकारमा समेत अजिनोमोटो अनिवार्य जस्तै बनिसकेको छ । खानामा स्वाद बढाउन प्रयोग गरिने अजिनोमोटो स्वास्थ्यको लागि हानिकारक छ कि छैन ? यो बहस पोषणविद्हरूमा चल्ने गरेको छ ।

विभिन्न अन्तर्राष्ट्रिय अध्ययनलाई हेर्ने हो भन्ने कतै अजिनोमोटोले मानिसमा तनाव कम गर्छ भन्ने निष्कर्ष निस्किएको पाइन्छ भने कतिपय अध्ययनले अजिनोमोटोको प्रयोगले स्वास्थ्यमा असर गरेको भन्दै यसमाथि प्रतिबन्ध समेत लगाएका छन् । नेपालमा पनि यसबारेमा दुवैथरीको मत सुन्न सकिन्छ ।

### अजिनोमोटोको पक्ष र विपक्षमा हुने बहसको तर्क ?

अजिनोमोटो स्वास्थ्यको लागि फाइदाजनक छ कि हानिकारक भन्ने बहस टुंग्याउने गरी अहिलेसम्म सर्वमान्य अध्ययनको रिपोर्ट सार्वजनिक भएको छैन । यदि यो हानिकारक थियो भने विश्वभर यसलाई किन प्रतिबन्ध गरिँदैन त ? भन्ने प्रश्न र यसले स्वास्थ्यमा असर गर्छ भने किन जापान र चिनियाँहरूमा यसको नकारात्मक असर देखिँदैन त ? भन्ने तर्क अजिनोमोटोको बचाउमा वकालत गर्ने पोषणविद्हरूको छ । तर अजिनोमोटोको विपक्षमा वकालत गर्नेहरू भने यो एउटा मन्द स्वादिलो क्यान्सर रहेको भन्दै यसले नजानिँदो पाराले स्वास्थ्यमा असर गर्ने दाबी गर्छन् ।

### अजिनोमोटोको शुरूवात सम्बन्धी रोचक तथ्य

अजिनोमोटोको प्रयोग २० औं शताब्दीको शुरूवाततिर जापानबाट भयो । यो कोरिया, जापान हुँदै विश्वभर फैलिएको छ । सन् १९०८ को एक साँझ रात्रिभोजन सकेपछि अजिनोमोटो समूहका संस्थापक जीवरसायन शास्त्री डा. किकुनाइ इकेडाले आफ्नी श्रीमतीलाई खाद्य परम्परामा परिवर्तन ल्याउन सुझाव दिए । डा. इकेडाले आफूहरूले खाइर हेको फलफूल एवं तोफु सुपलाई पनि फरक शैलीमा मिठास ल्याउन सकिन्छ ? भनेर प्रश्न गरेका थिए । श्रीमती इकेडाले यसमा सकारात्मक प्रतिक्रिया दिइन् ।

भोलिपल्ट कोम्बु वा केल्प भनिने एक किसिमको समुद्री वनस्पतिको प्रयोग गरेर एउटा परिकार तयार पारिन् । सो परिकार तयार पार्ने क्रममा त्यसमा रहेको क्रिस्टलिन कम्पाउण्ड निकाल्न सफल भए । जसमा ग्लुटामिन एसिडको मात्रा बढी थियो । उनले निकालेको क्रिस्टलको स्वाद लिएपछि उनले 'उमामी' भन्ने शब्द उच्चारण गरे । उमामी एक गुलियो, नुनिलो, अमिलो र तीतो स्वादको संयोग हो । जापानी भाषामा यो शब्दावलीले स्वादिष्ट भन्ने अर्थ पनि बोक्छ । यो परिकारमा एमिनो एसिड र ग्लुटामेट बढी मात्रामा पाइने गर्छ ।

यसरी कोम्बु र वा केल्प भनिने समुद्री वनस्पतिबाट यो परिकार बनाइसकेपछि डा. इकेडाले सन् १९०९ मा नयाँ परि कारको सर्वाधिकार (प्याटेन्ट) दर्ता गरे । त्यसको अर्को वर्ष अजिनोमोटो ग्रूप र अजिनोमोटो जापानी बजारमा सार्वजनिक भयो । शुरूवातमा यो गहुँमा रहेको ग्लुटेनको हाइड्रोलाइसिस मार्फत् उत्पादन गरिन्थ्यो । सन् १९३० पछि यो सोयाबिनबाट तयार पार्न थालियो । सन् १९६० पछि भने उखु एवं सोही प्रजातिका वनस्पतिबाट चिज, दही र वाइन उत्पादन गर्दा जस्तै विधिबाट यसको प्रशोधन गरिन्छ ।

### नेपाली पोषणविद्को तर्क

विश्वमा व्याप्त भइसकेको अजिनोमोटोले नेपाली बजारमा पनि आफ्नो उपस्थिति हरतरह देखाइसकेको छ । हामीले अजिनोमोटोको मिसावटबिना दैनिक खाने खाजा भेट्न मुस्किल छ । म:म:, चाउमिन होस् या त चाउचाउलाई पनि स्वादिष्ट बनाउनका लागि अजिनोमोटोको प्रयोग गर्ने गरिन्छ । तर, आहारविद् राजु अधिकारी भने अजिनोमोटो मन्द स्वादिलो क्यान्सर भएकाले तत्काल असर देखिएन भन्दैमा अजिनोमोटोको प्रयोग गर्न नहुने बताउँछन् । त्यसमा हुने ग्लुटामिक एसिडले मस्तिष्कमा न्यूरोट्रान्समिटरको रूपमा काम गर्छ । ग्लुटामिक एसिडले मानव शरीरको तन्त्रिका र कोशिकाहरूलाई नष्ट गर्न सक्छ भन्ने आहारविद्हरूको मत छ ।

आहारविद् अधिकारीका अनुसार अजिनोमोटोले रगतलाई प्रदूषित गराउने, शरीर गलाउने वा थकाउने, स्वादको ग्रन्थीलाई बिगार्ने, स्लो एडिक्सन, श्वास ग्रन्थीलाई खुलाइदिने, मिनरल्सहरूको मात्रा बढाउने हुँदा यो मानव स्वास्थ्यको लागि फाइदाजनक छैन । यसलाई विश्वका कतिपय मुलुकहरूमा प्रतिबन्ध समेत लगाइएको भन्दै यसलाई नेपालमा पनि प्रयोग गर्न नदिनु राम्रो हुने उनको तर्क छ ।

उता पोषणविद् सञ्जय महर्जन भने अजिनोमोटोले स्वास्थ्यमा हानि गर्छ भनेर स्पष्ट रूपमा कुनै पनि अध्ययनमा नदेखिएको भन्दै यसमा धेरै भयभित हुनु जरूरी नरहेको बताउँछन् । 'नुन, चिनी आदि पनि मानव स्वास्थ्यको लागि हानिकारक छ । तर, निश्चित मात्रामा हामी यी खानेकुरा त खान्छौं,' महर्जन भन्छन्, 'त्यस्तै हो यो पनि । यसले स्वास्थ्यमा असर गर्छ भन्ने यकिन नभएसम्म यसले फाइदा गर्छ वा हानि गर्छ भन्न सक्ने अवस्था छैन ।' उनी अजिनोमोटो पनि नुन र चिनीजस्तै कम मात्रामा प्रयोग गर्दा स्वास्थ्यको लागि लाभदायक हुने र धेरै मात्रामा प्रयोग गरे यसले हानि गर्छ भन्ने तर्क राख्छन् ।

### जहाँ प्रतिबन्धित छ अजिनोमोटो

सन् २०१८ मा पाकिस्तानको पञ्जाब फुड अथोरिटीले प्रदेशभर अजिनोमोटो साल्टको बिक्री एवं प्रयोगमा प्रतिबन्ध लगाएको छ ।

त्यस्तै, अफ्रिकी मुलुक मोरिससले २ लाख ५० हजारभन्दा बढी वयस्क नागरि कमा साइलेन्ट किलरको रूपमा असर गरेको भन्दै अजिनोमोटोलाई प्रतिबन्ध लगाउने घोषणा गरिसकेको छ । यसरी विश्वका अरू पनि कतिपय मुलुकहरूले मानव शरीरमा असर गरेको भन्दै अजिनोमोटोमाथि प्रतिबन्ध लगाएका छन् । तर, यसले मानिसको शरीरमा प्रतिकूल असर गर्छ भन्नेबारे कुनै पनि अध्ययनले पुष्टि भने गरेको छैन ।




## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

## झारा टारिँदै दिगो ....

आन्दोलन र आर्थिक विकासमा सकारात्मक योगदानलाई भने नजर अन्दाज गर्न सकिँदैन । अधिकारमुखी आन्दोलनबाट सामाजिक न्याय, मौलिक हक, समावेशी तथा समानुपातिक सहभागितालाई राज्यले संविधानमै सुनिश्चित गरेको छ । स्थानीय स्तरमा आर्थिक सशक्तीकरणको र सबलीकरणका मुद्दाले प्राथमिकता पाएका छन् तर सामाजिक आन्दोलन अधिकारमुखी एजेन्डामा सफल भए पनि आर्थिक समृद्धिको एजेन्डामा भने त्यति सफल भएको छैन ।

जनतालाई प्रत्यक्ष सहभागी गराई उनीहरूकै माग र आवश्यकतामा आधारित विकास योजना सञ्चालन गर्दा नागरिकमा अपनत्व सिर्जना गर्छ, जसले पहिचानसहितको विकासका साथै दिगोपना कायम गर्छ भन्ने यहाँ थाहा नपाएका र नभएको होइन । तर, हाम्रो योजना निर्माण प्रक्रिया सही नहुँदा कार्यान्वयनमा फितलोपना छ । अझ स्पष्ट रूपमा भन्दा टाठाबाठाहरूको खटनपटन र राजनीतिक प्रभावमै योजना तर्जुमा हुन्छन् र कार्यान्वयनमा पनि तिनीहरूकै प्रभाव हुन्छ, जसले गर्दा पछाडि पारिएका वर्ग र समुदायका नागरिक मूलधारको विकासमा समावेश हुन सकेका छैनन् । समाजमा गरिब र धनीको खाडल झन्झन् बढ्दै गइरहेको छ । सरकारले दिगो विकासका लागि कृषि, पर्यटन, ऊर्जा, उद्योग, व्यापार, आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी भौतिक पूर्वाधार लगायतका क्षेत्रहरूलाई मुख्य प्राथमिकतामा अहिलेसम्म पनि राखेजस्तो मात्र गरेको छ ।

दिगो विकासको छैटौं योजनादेखिको यात्रामा लगभग सयौँ कार्यक्रमहरूले पटक-पटक गरेर स्थान पाइसकेका छन् । ध्वंसको सोचमा डुबेका मानवजगतलाई सूचित गर्दै आज संरक्षणका प्रयासहरूमा हातहरू क्रमशः बढ्न थालेको पाइन्छ । विकास साझा हो र अधिकारभित्र राख्नुपर्ने कुरालाई लगभग सहमतिभएको देखिन्छ । वर्तमान पुस्ताको थोरै हेलचेक्र्याइँले पनि गम्भीर असर पुग्ने कुरालाई गाउँ, टोल, छिमेक हुँदै देश र अन्तर्राष्ट्रिय क्षेत्रमा चासो अभिवृद्धि गरिएको छ । दिगो विकासका लागि वातावरण र विकाससम्बन्धी विश्व आयोगद्वारा पत्ता लगाइएका प्रमुख मुद्दाहरू क्रमशः जनसंख्या र विकास, खाद्य सुरक्षा, प्रजाति र पारिस्थितिक प्रणालीहरू, उद्योग, ऊर्जा र सहरी चुनौतीहरूलाई प्राथमिकतामा राखेको पाइन्छ । दिगो विकासले बोकेका जैविक विविधताको संरक्षण, समाजको दिगोपन, मानवीय स्रोतको विकास, जनसंख्या नियन्त्रण, बहन क्षमतामा आधारित विकास, जनसहभागिता, सांस्कृतिक सम्पदाको संरक्षणजस्ता सिद्धान्तहरूलाई अक्षरशः पालना गर्न सके भावी पुस्ताको सुरक्षाको ग्यारेन्टी सहजै गर्न सकिन्छ । यसबाट अहिलेसम्म प्राप्त गरेका पक्षहरूलाई संस्थागत गर्दै वातावरण तथा जलवायु परिवर्तनसँग सम्बन्धित महासन्धि एवम् सन्धिहरूको कार्यान्वयन गर्नु पहिलो सर्त हो ।

स्वच्छ वातावरण र हरित वातावरण १५ औं योजनाको सोच हो । प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने योजनाको लक्ष्य रहेको छ । साथै जलवायु उत्पादनशील समाजको निर्माण र जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि तथा प्रतिकूल प्रभावको न्यूनीकरणबाट दिगो समाजको निर्माणमा योगदान गर्ने योजनाका अर्को उद्देश्यहरू हुन् । सभा, सम्मेलनले मसान बैराग्यको अवस्था मात्र हुनु हुँदैन र दिनु हुँदैन । बनेका योजना, नीति तथा कार्यक्रमहरू हुबहु लागू गर्न सकिए मात्र दिगो विकासको यात्रा सहज हुन्छ । झारा टार्ने काम नहोस्, किनकि जो अगतिला छन् उसकै नाराले व्यापकता पाएको छ । जुन हुनु हुँदैन अर्थात् कुनै चिज भत्काउनुअघि हजार पटक सोचियोस् । यसमा सबैको सहकार्य उत्तिकै अपरिहार्य छ र रहिरहन्छ ।

# पहिलो महिला मुख्यमन्त्री सरकार ७१ दिनमै ढल्यो

◆ विकास संवाददाता

भदौ २ मा मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्दै शाक्यको सरकार लामो नहुने निश्चित थियो । प्रदेश तथा केन्द्र दुवै समीकरणहरू शाक्यका प्रतिकूल थिए । एमालेभित्र देखिएको विग्रह रोक्न उनलाई हतारहतारमा संसदीय दलको नेता र मुख्यमन्त्री बनाइएको थियो ।

शाक्यले मुख्यमन्त्रीको पदको शपथग्रहण गर्नुअघि नै नेकपा एमाले विभाजनका लागि पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहितका नेताहरूले निर्वाचन आयोगमा निवेदन दिइसकेका थिए । जसले वाग्मती प्रदेशसभामा रहेको एमालेको एकल बहुमत एक जनामात्रै सांसद बाहिरिँदा पनि गुम्ने निश्चित थियो । भदौ ९ गते नेकपा (एकीकृत समाजवादी)ले राजनीतिक दलको रूपमा मान्यता पायो । भदौ २२ अघि नै एमालेका ५६ जना सांसदमध्ये १३ जना सांसदहरूले नयाँ दल रोजीसकेका थिए ।

हाल कायम रहेको १ सय ९ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ५५ सांसद आवश्यक हुन्थ्यो । पशुपति चौलागाईंको निधनपछि एमालेको सांसदको संख्या घटेर ५६ जना भएको थियो । एमालेकै सांसद सानुकुमार श्रेष्ठ सभामुख संसद्‌कोरू अंक गणितमा सहभागी हुन पाउँदैनन् ।



एमालेबाट विभाजित भएर बनेको नेकपा (एस)मा १३ सांसद लागेपछि एमालेमा ४३ स्थानमा खुम्चिएको थियो । जसले साना राजनीतिक दलहरू नेमकिपा, राप्रपा, साझा विवेकशील जस्ता साना दलहरूको सहयोगले पुग्ने थिएन । अष्टलक्ष्मी शाक्यको राजनीतिक इतिहास जति लामो छ मुख्यमन्त्रीका रूपमा उनको कार्यकाल त्यत्ति नै छोटो रह्यो ।

नेपालको इतिहासमा पहिलो महिला मुख्यमन्त्रीको नाम लेखिए पनि शाक्य सरकार ७१ दिनमै ढलेको छ । केन्द्रमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एस) रहेको गठबन्धनलाई प्रदेश हुँदै स्थानीय तहसम्म पुऱ्याउने यसअघि नै घोषणा गरेका थिए । जसको कारण शाक्यले बहुमत पुऱ्याउने क्षिण थियो ।

*कोभिड-१९ महामारीको जोखिम अझै छ*

**त्यसैले सुरक्षित रहन थाहा नगरपालिका परिवार आग्रह गर्दछौं ।**

थाहा नगरपालिका क्षेत्रमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण भई विरामी पर्नेहरु अझै पनि छन् । कोभिड-१९ को संक्रमण रोकिएको छैन, यहि जोखिम रही रहेको बेलामा हाम्रा महान पर्व दशै, तिहार, नेपाल संवत, छठपर्व जस्ता पर्वहरु आइरहेका छन् । हाम्रो धर्म, संस्कृति, परम्परा र रीति रिवाज मनाउनु पनि पर्ने र रोगबाट पनि बच्नु पर्ने भएकोले चाडवाडहरु सजगता र सावधानीपूर्वक मनाउनको लागि थाहा नगरबासीहरुमा हार्दिक अनुरोध गर्दछौं ।

यस वर्षाको चाडवाड सावधानी पूर्वक मनायौं भने अर्को वर्ष आफ्नै इच्छा अनुसार रमाएर मनाउन सकिन्छ । त्यसैले, कतै हामी चाडवाड मनाउने नाममा भिडभाड गरी रोगलाई सार्न पुग्यौं भने त्यसको असर वर्षौंसम्म रहन सक्ने हुँदा सम्पूर्ण नगरवासीहरुलाई सजग हुन अपिल गर्दछौं ।

**चाडवाड मनाउँदा अपनाउनुपर्ने सावधानीहरु:**

- सकेसम्म आफ्नो घरमा मात्र मनाऔं, नजिकको छिमेक तथा आफन्तकोमा निस्कनै परे अनिवार्य रुपमा मास्क प्रयोग गरौं ।
- साबुनपानीले नियमित हात धोऔं, साबुनपानी प्रयोग गर्न नसकिने अवस्थामा स्यानीटाइजर प्रयोग गरौं, भौतिक दुरी कायम गरौं ।
- गाउँघर, मठमन्दिर तथा शक्तिपिठमा हुने पुजाआजामा भिडभाड नगरौं ।
- पसलहरुमा किनमेल गर्दा भिडभाड नगरी भौतिक दुरी कायम गरेर पालैपालो किनमेल गरौं ।
- अनावश्यक रुपमा सार्वजनिक ठाउँ, बजार, चोक चौतारोमा आफन्त तथा साथीभाइहरु भेला भएर नबसौं ।
- गएका वर्षहरुमा जस्तो उल्लासमय रुपमा होइन महामारीका बेला अपनाउनु पर्ने सतर्कतालाई ध्यानदिइ चाडवाड मनाऔं ।
- चाडवाड मनाउने नाममा अनावश्यक विकृति नभित्र्याऔं ।
- वडादशै ज्येष्ठ नागरिक तथा मान्यजनहरुबाट आशिर्वाद लिने पर्व भएकोले आशिर्वाद लिने/दिने निहुँमा कोभिड संक्रमितहरु जथाभावी नहिँडौं, आफ्नै घरमा स्वास्थ्य मापदण्ड पूरा गरेर बसौं ।
- परिवेश अनुसार संस्कृति एवं परम्परालाई स्वास्थ्यमैत्री बनाई चाडवाड मनाऔं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरुमा कोरोना भाइरसको संक्रमण छिटो हुने भएकोले उनीहरुको स्वास्थ्यमा थप उच्च सतर्कता अपनाऔं ।

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाकार्यालय**
*इन्द्रायणी चौर, मकवानपुर*

# हेटौंडा उपमहानगरको कृषकमैत्री कार्यक्रम

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षमा कृषि क्षेत्रलाई प्राथमिकता दिएर काम गर्दै छ । चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका क्रममा कृषि क्षेत्रलाई प्राथमिकता दिइएको हो ।

किसालनलाई खेती गर्नका लागि सहज होस भन्ने उदेस्यले मेसीनरीको सहयोग गर्न लागिएको उपमहानगर पालिकाका मेयर हरि बहादुर महतले बताए । किसानका लागि तरकारीका विउ वितरण, टनेल हाउस खेती कार्यक्रम, साना सिंचाइ कार्यक्रम, साना खेती सहयोग कार्यक्रम, बिभीन्न बालिका विउ वितरणको कार्यक्रम, पुस्प खेती प्रवर्दन कार्यक्रम, प्लाष्टीक पोखरी निर्माणको कार्यक्रमलाई प्राथमिकता दिइएको मेयर महतले बताए ।

हेटौंडामा पछी थपीएका वडाका महिलाहरूलाई लक्षित गरेर कृषिमा महिला प्रोत्साहन कार्यक्रम, कृषि इन्जिनियररिङ प्रवर्दन कार्यक्रम, विउविजन संकलन भवन निर्माण, कृषि तथा पशुपालन कार्यक्रम, टनेल निर्माण, उन्नत विउ वितरणलाई प्रोत्साहन कार्यक्रम लगायतकाको क्षेत्रमा प्राथमिकताका साथ काम गर्न लागिएको उनले बताए ।

मध्यम प्रविधि युक्त बहुउदेस्य फलफूल नर्सरी स्थापना कार्यक्रम, तरकारी बालीको साना व्यवसायीक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम, खाद्यान्न बालीमा उन्नत विउ उपयोगमा मुल्य अनुदान कार्यक्रममा सहयोग गरिने उनले बताए ।

# १४ नम्बर वडालाई ३ करोडको खानेपानी आयोजना



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१४ बनेलधापमा तीन करोड २५ लाख रूपैयाँ लागतमा बृहत खानेपानी योजनाको शिलान्यास गरिएको छ । हेटौंडा उपमहानगरपालिकाका मेयर हरि बहादुर महतले तीन लाख लिटर अट्ने खानेपानी टंकीको शिलान्यास गरे ।

कार्यक्रममा बोल्दै उनले पानी टंकी निर्माण भएर घरघरमा वितरण गरेपछी यस क्षेत्रमा खानेपानीको अभाब हट्ने बताए । वनेलधापको डाँडामा निर्माण हुने पानी टंकीमा २७ सय मिटर तलबाट बोरिङ गरेर पानी जम्मा गर्ने र वितरण गर्ने तयारी गरिएको छ । वर्षौं देखिको पानीको समस्या हट्ने भएपछी स्थानीय बासिन्दाहरूले खुसी व्यक्त गरेका छन् । जिल्ला समन्वय समिति मकवानपुर र हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा पानी टंकी निर्माण र पाइपलाईन विस्तार गर्न लागिएको हो । यो खानेपानी ट्याङ्की निर्माण गर्ने र पाइपलाइन विस्तार भएपछी वनेलधाप र कालापानी क्षेत्रका पाँच सय घरधुरी लाभाव्वीत हुने मेयर महतले बताए ।

यतीका ठुलो जनसंख्यालाई पहिले पानीको समस्या थियो । अब भने पानीको समस्या टर्ने छ । यस क्षेत्रका ठुला विकासका पूर्वाधार मध्यमा यो योजना पनि ठुलो योजनाको रूपमा काम भइरहेको हेटौंडा-१४ का वडा अध्यक्ष दिपक खड्काले वताउनुभयो । यस क्षेत्रमा सडक पूर्वाधार, खानेपानीका क्षेत्रमा उपमहानगरपालिकाले धेरै काम गरेको अध्यक्ष खड्काले बताए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

# युवा संघ नेपाल थाहानगर कमिटीले पूर्णता पायो



◆ विकास संवाददाता

नेकपा एमालेको भातृ संगठन राष्ट्रिय युवा संघ नेपाल थाहा नगर कमिटीले पूर्णता पाएको छ भने सचिवालय समेत गठन गरिएको छ ।

युवा संघ थाहानगर कमिटीको १४ कात्तिकमा बसेको पूर्ण बैठकले रिक्त रहेको उपाध्यक्षमा रूपेश श्रेष्ठ, उपसचिवमा मोहनदास प्रधान र कोषाध्यक्षमा विक्रम श्रेष्ठलाई सर्वसम्मत् चयन गरेको हो । यसअघि १३ असोजमा सम्पन्न युवा संघको नगर अधिवेशनले कमिटीको अध्यक्षमा प्रदिप भट्ट र सचिवमा सुमन रायमाझीलाई निर्वाचित गरेको थियो ।

बैठकले ३१ सदस्यीय सचिवालय कमिटीसमेत गठन गरेको छ । सचिवालयमा अध्यक्षमा प्रदिप भट्ट, उपाध्यक्षमा रूपेश श्रेष्ठ, सचिव सुमन रायमाझी, कोषाध्यक्ष विक्रम श्रेष्ठ, उपसचिवमा मोहनदास प्रधान सहित थाहाका १२ वटै वडाबाट प्रतिनिधित्व गर्ने कमिटी सदस्यहरू रहेका छन् ।

# पत्रकारलाई अभिमुखीकरण कार्यक्रम




◆ विकास संवाददाता

थाहा नगरपालिकामा कार्यरत पत्रकारहरूलाइ मानसिक स्वास्थ सम्बन्धि तथा मानसिक रोग ब्यबस्थापन बारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

थाहा नगरपालिकाको आयोजना, लोटस हार्ट को ब्यबस्थापन तथा टप नेपालको सहयोगमा थाहा नगरपालिका क्षेत्रमा रहि विभिन्न संचारमाध्यममा कार्यरत पत्रकारहरूलाई मानसिक स्वास्थ सम्बन्धि तथा मानसिक रोग ब्यबस्थापन बारे अभिमुखी कार्यक्रम गरिएको हो । आत्महत्या निरूत्साहित गर्न संचारकर्मी र संचार माध्यमको भुमिका र प्रभाव र समाचार लेखनमा आत्महत्यालाई सामान्यकरण सम्बन्धि मनोचिकित्सक डा कमल गौतम, डा बिना श्रेष्ठ, डा. कुन्सान ले सहजीकरण गरेका थिए ।

आत्महत्या लाई अपराध को रूपमा नहेरी मानसिक समस्या को रूपमा हेर्ने र यस्लाइ संचारकर्मीहरूले जनस्वास्थ्य सरोकार को विषय मा लैजान जोड दिईएको थियो ।

अभिमुखीकरणमा आत्महत्यालाई न्यूनीकरण गर्न सकिने भएकाले पत्रकारहरूले पनि सो विषयमा कलम चलाउनु पर्ने मनोचिकित्सक डा गौतमले बताए ।

# उद्योग वाणिज्य संघमा अधिकांश गुप्ता प्यानलका विजयी

◆ विकास संवाददाता

हेटौंडा स्थित मकवानपुर उद्योग वाणिज्य संघको कार्तिक ९ मा सम्पन्न ५४ र ५५ औं साधारणसभा तथा निर्वाचनबाट अधिकांश कृष्णकुमार गुप्ता प्यानलका विजयी भएका छन् । संघका निवर्तमान अध्यक्ष समेत रहेका राजकुमार न्यौपाने र गुप्ता नेतृत्वबीचको कार्यसमिति चयनका लागि भएको निर्वाचनमा २७ मध्ये १९ पदमा गुप्ताप्यानलका उम्मेदवार विजयीहुँदै बर्चश्वकायम गरेका हुन् ।

निर्वाचित २७ जनासमध्ये ८ जना न्यौपाने प्यानलबाट विजयी भएका हुन् । संघको अध्यक्षमा गुप्ताले ९१ मतान्तरका साथ न्यौपानेलाई पराजित गर्दै आगामी ३ बर्षका लागि नेतृत्व गर्ने भएका छन् । २ हजार ४ सय १५ मतमध्ये अग्रवालले १ हजार २ सय ४६ रउनका निकटतम प्रतिद्वन्द्वि न्यौपानेले १ हजार १ सय ५५ मतपाएका थिए । अध्यक्ष पदमा वाणिज्यतर्फ १ हजार ५ सय १५, उद्योगतर्फ ७ सय ५३, एशोसियटको १ सय १६, र वस्तुगत ३१ मत गरी २ हजार ४ सय १५ मत खसेको हो । गुप्ता प्यानलबाट वाणिज्यतर्फको उपाध्यक्षमा अनिल अग्रवाल र उद्योगतर्फको उपाध्यक्षमा प्रमोदसिंह रानाभाट विजयी भएका छन् । अग्रवालले न्यौपाने प्यानलका रामप्रसाद न्यौपानेलाई र रानाभाटले प्रतिमा श्रेष्ठलाई पराजित गरेका हुन् । अग्रवालले ६ सय ७२ र उनका प्रतिस्पर्धी रामप्रसाद न्यौपानेले ६ सय १८ मत प्राप्तगरेको निर्वाचन समितिले जनाएको छ । उद्योगतर्फको उपाध्यक्षमा रानाभाटले ३ सय ७० मतल्याए । उद्योगतर्फ ८ सय ९० मध्ये ७ सय ५३ मत खसेको थियो । न्यौपाने प्यानलबाट बस्तुगत उपाध्यक्षमा राजु अधिकारी र एशोसिएट उपाध्यक्षमा उज्वल चौलागाईंले बाजी मारेका छन् । बस्तुगततर्फ सदस्यमा तेजराज अधिकारी (१७) र प्रदीप अर्याल (१५) मतसहित विजयी भएका छन् ।

त्यस्तै, एशोसिएटतर्फ उज्वल चौलागाईंले ६३ र उनका निकटतम्प्रतिद्वन्द्वि खनालले ५० मतमात्र पाए । एशोसिएटतर्फ सदस्यमा गणेशप्रसाद भेटवाल (७७), अंकीता सुमार्गी (७१), राजारामकार्की (६५) र हेटौंडा औद्योगिक क्षेत्र आरक्षणतर्फ दीपक उप्रेती (७३) मतसहित विजयी भएका छन् । एशोसिएटतर्फ नै बहुर्राष्ट्रिय कम्पनीतर्फ शान्तिराम धिमाल निर्विरोध निर्वाचित भएका छन् । यसैगरी वाणिज्यतर्फ ७ जना सदस्य विजयी भएका छन् । जसमा कुलप्रसाद चौलागाईं (९०३), विकेशलाल श्रेष्ठ (८७०), सुदर्शन खरेल (७७१) अनिलभक्त श्रेष्ठ ( ७५८), नेत्रप्रसाद खतिवडा (७२३), माधव ज्ञवाली (६८३), दिवस पराजुली (६५८)मत ल्याइ विजयी भएका हुन् । बाणिज्यतर्फ ७ जना सदस्यका लागि १४ ले उम्मेदवारी दिएका थिए । यसैगरी वाणिज्य सदस्य महिला आरंक्षणतर्फ निलम पाण्डे (९२३ ), निलम वैद्य (७९५) विजयी भएका छन् । नेत्रकुमारी भट्ट (४७४) र मनु दाहाल (५२३) ले मत प्राप्तगर्दै पराजय व्यहोरे । पश्चिमी क्षेत्र सदस्यमा कृष्णहरि बर्तौला (५६५), राजु राउत (३९७) र राधिका सामरी पाण्डे (४६२) मतप्राप्त गरेका छन् । जसमा बर्तौला विजयी भएका हुन् । उद्योगको सदस्यतर्फ रूपकराज दाहाल(४६७), श्रीकृष्ण कर्माचार्य (४२३), नरेन्द्र भण्डारी ( ३६२) र सन्तोषकुमार अर्याल (३५२) मतका साथ विजयी भए । दीपक शिवाकोटी (३३९) भुपेन्द्रप्रसाद अधिकारी (३३२ ), हरिप्रसाद ढकाल (२२३) र ज्ञानेन्द्र बर्तौला (२६९) ले मत प्राप्तगर्दै पराजयभए ।

यसैगरी उद्योग सदस्यमहिला आरंक्षण तर्फ सीतादेवी भेटुवाल (३७९) मतप्राप्त गरी विजयी भइन् । अर्का उम्मेदवार मेनका श्रेष्ठले ३२८ मतल्याएर पराजय व्यहोरिन् । विजयीहुँदै अध्यक्ष गुप्ताले आफु व्यवसायीको प्रतिनिधि र आफ्नो जीत सम्पूर्ण उद्योगीव्यवसायिको जित भएका बताएका छन् । 'पराजितहुनु भएका राजकुमार न्यौपाने पनि संघको पूर्वअध्यक्षबन्नु भएको छ, म उहाँको सल्लाह सुझावलाई समेत ग्रहण गरेर कार्यकाल स्वर्णिम बनाउने प्रयत्न गर्नेछु ।', उनले भने । गुप्ता प्यानलबाट बहुमत सदस्य विजयीपछि बुधबार नै बजार परिक्रमामा कार्यक्रम समेत गरिएको थियो ।


## शुभकामना सन्देश


**नेपालीहरुको महानपर्व शुभ विजया दशमी, शुभ दिपावली, छठपर्व तथा नेपाल संवत ११४२ को सुखद् उपलक्ष्यमा सम्पूर्ण जनप्रतिनीधिहरु, राजनीतिकदल, पालिका र पालिका अन्तर्गतका सम्पूर्ण कर्मचारीहरु, हामीसंग विकास साँझेदारको रुपमा रहनु भएका सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार, देश तथा विदेशमा रहनु भएका सम्पूर्ण थाहानगरबासी दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति सम्वृद्धि तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस चाडपर्वले भौगोलिक, धार्मिक, साँस्कृतिक जातिय तथा भाषिक विविधतायुक्त हाम्रो समाजलाई एकताको सुत्रमा बाँधी सामाजिक सद्भाव र आपसी भाइचारा कायम गर्न सकोस भनी हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमण कायमै रहेकोले चाडवाड मनाउँदा आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड तथा सर्तकर्ता अपनाउन, आवश्यक भिडभाड नगर्न, जाँडसक्सी जुवातास जस्ता विकृतिको नियन्त्रणमा सहयोग पुऱ्याउन, समाजमा शान्ति सुरक्षा, अमनचयन कायम गर्न, कोभिड लगायतका महामारी फैलन नदिन आफू पनि जोगिन र अरुलाई पनि जोगाउन सम्पूर्ण थाहा नगरबासीहरुमा हार्दिक अपील गर्दछौं ।**

| लवशेर विष्ट | खड्ग गोपाली | हरिलाल पुरी |
|---|---|---|
| (नगर प्रमुख) | (नगर उपप्रमुख) | (प्रमुख प्रशासकीय अधिकृत) |

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाकार्यालय**
*इन्द्रायणी चौर, मकवानपुर*








**समयमै व्यक्तिगत घटना दर्ता गरौं ।**

**थाहा नगरपालिका**
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

*जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।*

२०७८ साल कार्त्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

**राष्ट्रिय जनगणना २०७८ सफल पारौं**

*कोही नछुटौं, कोही नदोहरिऔं ।*

बसोबास गरेकै ठाउँबाट आफ्नो विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*उपभोग्य वस्तु खरिद गर्दा*
*उपभोग्य मिति*
*हेरेर मात्र खरिद गरौं ।*

– विकास खबरपत्रिका

# आयोजनाको म्याद चौथोपटक थप नगर्ने पक्षमा सरकार

◆ विकास संवाददाता




निर्माणाधिन तथा निर्माण हुने क्रममा रहेका तर निर्माण सुरू नगरेका आयोजनाहरूको म्याद थप नगर्ने नीति सरकारले लिएको छ । तेश्रो पटकसम्म आयोजनाको म्याद थप गरेका तर निर्माण कार्य नगरेका आयोजनाहरूको चौथोपटक म्याद थप नगर्ने नीति सरकारले लिएको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादवले आयोजनाको कार्य प्रगति हेरेर ३ पटक म्याद थप भएकाको चौथो पटक म्याद थप नगर्ने बताएकी छन् । उनले भनिन्, 'सरकारले ३ पटक म्याद थप गरेको तर काम नगरेका आयोजनको सूची संकलन गर्ने कार्य मन्त्रालयले सुरू गरेको छ । त्यस्ता आयोजनको चौथो पटक म्याद थप नगर्ने र ठेक्का तोड्नेछौं ।'


आयोजनको निर्माणमा ढिलाइका कारण ६० प्रतिशतसम्म निर्माण कम्पनीहरूकै भएकाले गर्दा काम सुरू नगर्ने र ढिलाइ गर्ने निर्माण व्यवसायीलाई कारबाही गर्ने मन्त्री यादवले बताइन् । एउटै निर्माण कम्पनीले धेरै ओटा आयोजनाको ठेक्का लिने र आयोजनालई गति नदिने परम्परालाई चाँडै सार्वजनिक खरिद ऐनले सम्बोधन गरी नियन्त्रण गर्ने योजना सरकारको रहेको मन्त्री यादवको भनाइ छ ।

कायम रहेको कम मूल्य सूचीमा निर्माण गर्न दावी गर्ने कम्पनीलाई आयोजना निर्माण गर्ने दिने सरकारी ऐन नै संशोधन गर्न आवश्यक रहेको मन्त्री यादवले बताइन् । यसरी निर्माण हुने आयोजनामा गुणस्तरता कायम नहुने भएकाले गर्दा सार्वजनिक खरिद ऐन संशोधन गर्न आवश्यक रहेको उनको भनाइ छ । परिणाममुखी नतिजा जनमानसले चाहेकाले गर्दा जनमानसले राहत महशुस गर्ने गरी काम गर्न र आयोजनको काम अगाडि बढाउन मन्त्रालयमा मन्त्री यादवले निर्देशन दिएकी छिन् ।

धेरै आयोजना पटक पटक म्याद थप हुँदा पनि निर्माणले गति नलिएकाले सरकारले यस्तो नीति लिएर काम गर्न लागिएको बताउँदै मन्त्री यादवले कर्मचारीले देशप्रतिको जिम्मेवार भएर कार्य सम्पादन गर्न र गराउन निर्देशन दिएकी छिन् ।

**NOVEL CORONA VIRUS (nCOV)**
सर्बसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेलकोरोनाभाइरसका मुख्य लक्षणहरू**




ज्वरो (१००.४°F भन्दा माथि) | श्वास प्रश्वासमा अत्याधिक समस्या | रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने


खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने


यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने


जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने


पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने


**नोवेल कोरोना भाइरस भनेको के हो?**
यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**
नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै बैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन्?**
सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ?**
मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस बिषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ?**
अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ?**
सामान्यतः यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ?**
नोवेल कोरोना भाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी